नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ५६६

मितिः- २०८१/०३/१३

ने.सं. ११४४ तछलागा ६

श्री स्थानीय तह (सवै)

बिषयः नेपाल सरकारबाट अनुदानित रासायनिक मलको बिक्रि वितरण अनुगमन सम्वन्धमा ।

प्रस्तुत बिषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास महाशाखाको प.सं.०८०/८१, च.नं. १३४, मिति २०८१/०३/११ को पत्र यसैसाथ संलग्न गरी आवश्यक कार्यन्वयनको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

**बोधार्थ**

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,कृषि विकास महाशाखा

श्री सूचना तथा प्रविधि शाखा (मन्त्रालयको वेवसाईटमा अपलोड गरिदिनुहुन)

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास महाशाखा
कृषि उत्पादकत्व व्यवस्थापन शाखा

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : ०८०/०८१
च.नं. : ९३४

मिति: २०८१/०३/११

विषय: नेपाल सरकारबाट अनुदानित रासायनिक मलको बिक्री वितरण अनुगमन सम्बन्धमा

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

नेपाल सरकारबाट युरिया, डिएपि र पोटास मलमा अनुदानमा वितरण गर्दै आएको व्यहोरा विदित नै छ। चालु आ.व मा जम्मा ६ लाख मे.टन रासायनिक आयात गरी कृषकलाई अनुदानमा उपलब्ध गराउने लक्ष्य अनरुप हालसम्म कृषि सामाग्री क.लि. र साल्ट ट्रेडिङ्ग क.लि.बाट गरी जम्मा ४ लाख मे.टन आयात भै अनुदान सहकारीहरु मार्फत वितरण गर्ने कार्य भैरहेको छ भने बाँकी मल आयात हुने क्रममा रहेको छ ।यसर्थ आउने धान सिजनमा रासायनिक मलको अभाव नहुने देखिन्छ ।तथापि हाल केही स्थानहरुमा किसानहरुले मल नपाएको गुनासो आएकाले अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका,२०७७ को दफा ११ तथा दफा २१ उपदफा ४ को व्यवस्था बमोजिम आ-आफ्नो पालिकाभित्र मलको वितरण व्यवस्था, मूल्य एवं गुणस्तरको अनुगमन गरी सहज र पारदर्शी रुपमा मलखाद वितरण गराउने कार्यमा आवश्यक सहजिकरण एवं समन्वय गरिदिनको लागि सबै स्थानीय पालिकाहरुमा निर्देशन हुन मिति २०८१/०३/०७ को माननीय मन्त्रीस्तरको निर्णय अनुसार अनुरोध छ।

........................
डा. दीपक कुमार खराल
सचिव

सादर अवगतार्थ

माननीय मन्त्रीज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।

ईमेल: info@moald.gov.np, वेवसाईट: www.moald.gov.np